# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः १ मितिः २०८२/०४/३०

## भाग -२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।



रामपुर नगरपालिका, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
Email : rampurmunicipality@gmail.com/info@rampurmun.gov.np
Website: rampurmun.gov.np

रामपुर नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७५

**प्रस्तावना** : स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी रामपुर नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ

१. यस कार्यविधिको नाम “रामपुर नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०७५” रहनेछ ।

२. यस कार्यविधि नगरपालिकाको कार्यपालिका बैठकबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

अनुसूची-५ को द्रष्टव्य ५ मा

माथि जे सुकै उल्लेख गरिएको भएतापनि उपकरणको हकमा निर्माण व्यवसायीको ईजाजतपत्र लिन चाहाने व्यवसायीले (क) र (च) मध्येबाट एक वटा तथा बाँकी मध्येबाट एक वटा गरी बढीमा दुई वटा उपकरण दुई वर्षसम्मलाई भाडामा लिएको प्रमाण पेश गर्न सक्नेछ । तर अन्य सबै उपकरण आफ्नो कम्पनी वा फर्मको नाममा नै हुनुपर्ने छ भन्ने व्यवस्था रहेकोमा तपसिल बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

तपसिलः

माथि जे सुकै उल्लेख गरिएको भएतापनि उपकरणको हकमा निर्माण व्यवसायीको ईजाजतपत्र लिन चाहाने व्यवसायीले (क) र (च) मध्येबाट एक वटा तथा बाँकी मध्येबाट एक वटा गरी बढीमा दुई वटा उपकरण दुई वर्षसम्मलाई भाडामा लिएको प्रमाण पेश गर्न सक्नेछ । तर अन्य सबै उपकरण कम्पनीमा आवद्ध सबै संचालक वा कम्पनी/फर्मको नाममा नै हुनुपर्ने छ ।

आज्ञाले
सुर्य दर्शन पण्डित
प्रमुख प्रशासकीय अधिकृत